# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## आ.व. २०७२/७३ को मौद्रिक नीति सार्वजनिक

गभर्नर डा. चिरंजीबि नेपालले आर्थिक वर्ष २०७२/७३ को मौद्रिक नीति आज २०७२ साल साउन ७ गते सार्वजनिक गर्नुभयो ।




गभर्नर डा. नेपालले केन्द्रीय बैंकको नेतृत्व सह्माल्नुभएपछि पहिलो पटक आएको यो मौद्रिक नीति गत वैशाख १२ गतेको विनाशकारी भूकम्पपछि पुनर्निर्माण तथा वित्तीय क्षेत्र स्थायित्वमा केन्द्रित रहेको छ । समष्टिगत माग व्यवस्थापनमार्फत मुद्रास्फीति नियन्त्रण तथा उपर्युक्त वित्तीय क्षेत्र स्थायित्व हासिल गर्दै वित्तीय पहुँच अभिवृद्धिलाई मुख्य आधार मानी यो मौद्रिक नीति तयार गरिएको कुरा गभर्नर डा. नेपालले सो अवसरमा उल्लेख गर्नुभयो ।

(प्रस्तुत मौद्रिक नीतिको सारांश तथा पूर्ण पाठ बैंकको वेवसाइट www.nrb.org.np मा उपलब्ध छ ।)

कार्यक्रममा गभर्नर डा. नेपाल तथा डेपुटी गभर्नर गोपालप्रसाद काफ्लेले सहभागी महानुभावहरूबाट उठेका जिज्ञाशाको जवाफ दिनुभएको थियो भने स्वागत मन्तव्य एवम् विषय प्रवेश अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. मीनबहादुर श्रेष्ठले गर्नुभएको थियो । कार्यक्रमको नेपाल टेलिभिजनबाट प्रत्यक्ष प्रसारणसमेत गरिएको थियो ।

**२०७२ साउन ७ गते, बिहीबार**

**गभर्नरको कार्यालय**